काठमाडौं विश्वविद्यालय
स्कूल अफ आर्टस्

मिति : २०७८ फागुन २५ गते

सूचना

काठमाडौं विश्वविद्यालय, प्राज्ञिक परिषद्को मिति २०७८ मंसीर ७ गतेको १२८औं बैठकबाट विभिन्न कारणले अध्ययन पुरा गर्न नसकेका विद्यार्थीहरुका लागि अध्ययन पुरा गर्न एकपटकको लागि अवसर प्रदान गर्ने निर्णय भएको जानकारी गराइन्छ। सोही निर्णय बमोजिम सन् २००७-२०१७ सम्म स्कूल अफ आर्टस् अन्तर्गतका कार्यक्रमहरुमा भर्ना भई दीक्षित हुन नपाएका विद्यार्थीहरुलाई आवश्यक फाराम भरी प्रक्रिया अघि बढाउनका लागि सूचित गराइन्छ।

यसका लागि रि-रजिष्ट्रेशन फाराम भरी विद्यावारिधि तहमा थेसिस बुझाउन बाँकी रहेको, स्नातकोत्तर तहमा बढीमा २ वटा कोर्ष तथा थेसिस/डिजर्टेसन बुझाउन बाँकी रहेको र स्नातक तहमा बढीमा ३ वटा कोर्ष बाँकी रही **Rural Internship/Field Placement/Research and Project Work/Internship** का रिपोर्ट बुझाउन बाँकी रहेका तथा BFA तथा BMUS मा बढीमा एक सेमेष्टर छुटेका विद्यार्थीहरुले २०७८ चैत २४ गतेभित्र तोकिएको फाराम भरी आवेदन दिन सकिने छ।

दरखास्त फाराम स्कूल अफ आर्टस्बाट उपलब्ध हुनेछ। दरखास्त फाराम बुझाउँदा तोकिएको शुल्क भुक्तानी गरेको भौचरसहित आवश्यक कागजातहरू संलग्न गरी भौतिक रूपमा उपस्थित भई बुझाउनु पर्नेछ। यस सम्बन्धी थप जानकारीका लागि सम्बन्धित विभागमा सम्पर्क गर्न सकिने छ।

..................................
एक्कुमाया पुन
का.मु.डीन

## काठमाडौं विश्वविद्यालय स्कूल अफ आर्टस्मा रि-रजिष्ट्रेशन सम्बन्धी जानकारी

मिति : २०७८ फागुन २५ गते

काठमाडौं विश्वविद्यालय प्राज्ञिक परिषद्को १२८ औं बैठकको निर्णय बमोजिम स्कूल अफ आर्टस्का २००७-२०१७ सम्मका विद्यार्थीहरुलाई एकपटकका लागि निम्न व्यवस्था गरिएको छ।

- सन् २००७ मा काठमाडौं विश्वविद्यालय स्कूल अफ आर्टस्मा भर्ना भई रजिष्ट्रेशन नम्बर लिएका विद्यार्थीहरू यो मौका परीक्षामा सहभागी हुन सक्नेछन्।
- रि-रजिष्ट्रेशन आवेदन दिनका लागि २०७८ चैत २४ सम्ममा गरिसक्नुपर्नेछ।
- रि-रजिष्ट्रेशन गर्दा विद्यावारिधि तहको बढीमा २ वर्ष र स्नातकोत्तर तह र स्नातक तहको बढीमा १ वर्ष (दुई सेमेष्टर) को समयावधिमा आवश्यक प्रक्रिया पूरा गरी मौका परीक्षामा सामेल भएको हुनुपर्नेछ।
- रि-रजिष्ट्रेशन शुल्क बापत रु.२५,०००।- रि-रजिष्ट्रेशन फारामसाथ संलग्न गरि बुझाउनु पर्नेछ।
- अन्य शुल्क भुक्तानी गर्दा हाल कायम रहेको शुल्कलाई आधार मानेर अध्ययन गरेको क्रेडिट कोर्षको हिसावले हुन आउने शुल्क भुक्तानी गर्नुपर्नेछ। साथै एक समेष्टरको पुरै कोर्षमा अध्ययन गर्न बाँकी भएका विद्यार्थीको हकमा हाल कायम रहेको शुल्कसरह भुक्तानी गर्नुपर्नेछ।
- रि-रजिष्ट्रेशन फाराम भरी आवेदन दिएका विद्यार्थीहरुको फाराम स्वीकृत वा अस्वीकृत भएको जानकारी इमेलमार्फत गराइनेछ। त्यसपछि मात्र रि-रजिष्ट्रेशन प्रक्रिया शुरु भएको मानिनेछ।
- रि-रजिष्ट्रेशन गरेका विद्यार्थीहरुले नयाँ प्रपोजल वा नयाँ डेटालाई समावेश गरेर डिजर्टेशन तथा थेसिस तयार गर्नुपर्नेछ। यस सम्बन्धमा थप व्याख्या तथा अन्तिम निर्णय गर्ने अधिकार स्कूलको अनुसन्धान समितिलाई हुनेछ।
- अन्तिम मौखिक परीक्षा (Final Viva) सम्पन्न भएको मितिले १ महिनाभित्र सम्बन्धित सुपरभाइजर तथा विभागीय प्रमुखको सिफारिश सहितको कालो बाइण्ड भएको डिजर्टेशन तथा थेसिस स्कूलको परीक्षा शाखामा बुझाइसक्नुपर्नेछ।

पुनश्चः कुनै कारणबश शैक्षिक सत्रको समयावधि लामो हुन गएमा १ वर्ष पूरा भएपनि त्यसले बाधा पारेको मानिने छैन।

.........................................

एक्कुमाया पुन

का.मु.डीन